PREVIEW QUESTION BANK(Single)

Module Name : NCET Language: ENGLISH
Section Name : 213-Nepali
Exam Date : 29-Apr-2025 Batch : 09:00-12:00

Sr. No.	Client Question ID	Question Body and Alternatives	Marks	Ne M
Section : 213-Nepali				
Topic : Topic 57				
Q.Type : Objective Question				
1	3645	अनुच्छेद पढेर तल दिइएका प्रश्नहरूका उत्तर दिनु होस्। चामेकी स्वास्नी गौँथली साह्रै मुखाले थी। राम्रा मुखले बोल्यो भने पनि बाङ्गा बाङ्गा कुरा झिकेर निहुँ खोज्थी। दुई-चार दिन बिराएर सधैँ लोग्ने स्वास्नीको झगडा हुन्थ्यो। एक दिन बेलुका चामे हलो जोतेर घर आएको गौँथली दैलो अग्ल्याएर गाउँमा बिहा हेर्न गएकी रहिछ। दिनभरि हलो जोतेर आएको भोकले लखतरान थियो। हलो जुवा कान्लामा ठड्याएर गोरु बाँध्न लागेको थियो मास्तिरबाट गौँथली आइपुगी। गौँथलीलाई देखेर चामे रिसले भुतुक्क भो। भात पकाउनु त परै जाओस् यस बेलासम्म अगेनामा आगो फुकेको थिएन। हत्त र पत्त दैलो उघारेर गौँथली पँधेरातिर हिँडी। चामे अगेनामा आगो सल्काएर तमाखु भर्न लाग्यो। --- तलको कुन विकल्पमा भएका सबै शब्द ‘मुखाले’-का पर्यायवाची हुन्? 1. रिसाहा, थुतुने, आरिसे 2. चोथाले, आरिसे, दुष्ट 3. थुतुने, चोथाले, दुर्मुख 4. दुर्मुख, थुतुने, रिसाहा (A) 1 (B) 2 (C) 3 (D) 4	4.0	1.00
Q.Type : Objective Question				
2	3646	अनुच्छेद पढेर तल दिइएका प्रश्नहरूका उत्तर दिनु होस्। चामेकी स्वास्नी गौँथली साह्रै मुखाले थी। राम्रा मुखले बोल्यो भने पनि बाङ्गा बाङ्गा कुरा झिकेर निहुँ खोज्थी। दुई-चार दिन बिराएर सधैँ लोग्ने स्वास्नीको झगडा हुन्थ्यो। एक दिन बेलुका चामे हलो जोतेर घर आएको गौँथली दैलो अग्ल्याएर गाउँमा बिहा हेर्न गएकी रहिछ। दिनभरि हलो जोतेर आएको भोकले लखतरान थियो। हलो जुवा कान्लामा ठड्याएर गोरु बाँध्न लागेको थियो मास्तिरबाट गौँथली आइपुगी। गौँथलीलाई देखेर चामे रिसले भुतुक्क भो। भात पकाउनु त परै जाओस् यस बेलासम्म अगेनामा आगो फुकेको थिएन। हत्त र पत्त दैलो उघारेर गौँथली पँधेरातिर हिँडी। चामे अगेनामा आगो सल्काएर तमाखु भर्न लाग्यो। --- अनुच्छेदमा कस्तो भौगोलिक स्थानको प्रसङ्ग पाइन्छ? 1. समतल 2. हिमाली 3. मरुभूमि 4. पहाडी (A) 1 (B) 2 (C) 3 (D) 4	4.0	1.00

Q.Type : Objective Question

3	3647	अनुच्छेद पढेर तल दिइएका प्रश्नहरूका उत्तर दिनु होस्। चामेकी स्वास्नी गौँथली साह्रै मुखाले थी। राम्रा मुखले बोल्यो भने पनि बाङ्गा बाङ्गा कुरा झिकेर निहुँ खोज्थी। दुई-चार दिन बिराएर सधैँ लोग्ने स्वास्नीको झगडा हुन्थ्यो। एक दिन बेलुका चामे हलो जोतेर घर आएको गौँथली दैलो अग्ल्याएर गाउँमा बिहा हेर्न गएकी रहिछ। दिनभरि हलो जोतेर आएको भोकले लखतरान थियो। हलो जुवा कान्लामा ठड्याएर गोरु बाँध्न लागेको थियो मास्तिरबाट गौँथली आइपुगी। गौँथलीलाई देखेर चामे रिसले भुतुक्क भो। भात पकाउनु त परै जाओस् यस बेलासम्म अगेनामा आगो फुकेको थिएन। हत्त र पत्त दैलो उघारेर गौँथली पँधेरातिर हिँडी। चामे अगेनामा आगो सल्काएर तमाखु भर्न लाग्यो। चामे किन रिसले भुतुक्क भयो? 1. किनभने गौँथली रिसाएर आएकी थिई। 2. गौँथलीले भात पकाएकी थिइन। 3. गौँथली पँधेरातिर गई। 4. दैलामा ताला लगाइएको थिएन। (A) 1 (B) 2 (C) 3 (D) 4	4.0	1.00

Q.Type : Objective Question

4	3648	अनुच्छेद पढेर तल दिइएका प्रश्नहरूका उत्तर दिनु होस्। चामेकी स्वास्नी गौँथली साह्रै मुखाले थी। राम्रा मुखले बोल्यो भने पनि बाङ्गा बाङ्गा कुरा झिकेर निहुँ खोज्थी। दुई-चार दिन बिराएर सधैँ लोग्ने स्वास्नीको झगडा हुन्थ्यो। एक दिन बेलुका चामे हलो जोतेर घर आएको गौँथली दैलो अग्ल्याएर गाउँमा बिहा हेर्न गएकी रहिछ। दिनभरि हलो जोतेर आएको भोकले लखतरान थियो। हलो जुवा कान्लामा ठड्याएर गोरु बाँध्न लागेको थियो मास्तिरबाट गौँथली आइपुगी। गौँथलीलाई देखेर चामे रिसले भुतुक्क भो। भात पकाउनु त परै जाओस् यस बेलासम्म अगेनामा आगो फुकेको थिएन। हत्त र पत्त दैलो उघारेर गौँथली पँधेरातिर हिँडी। चामे अगेनामा आगो सल्काएर तमाखु भर्न लाग्यो। 'दुई-चार दिन बिराएर' भन्नाले तलको कुन कुरा बुझिन्छ? 1. दुई-चार दिनको अन्तरमा 2. दुई-चार दिन नबोलेपछि 3. दुई-चार दिन एकअर्कालाई दोष लगाएपछि 4. दुई-चार दिन एकअर्काबाट टाढा हुँदा (A) 1 (B) 2 (C) 3 (D) 4	4.0	1.00

Topic : Topic 58

Q.Type : Objective Question

5	3649	तलका मध्ये कुन वाक्य व्याकरणिक दृष्टिले सही छ? 1. हामी गइरहेको थियौँ। 2. हामी गइरहेका थिए। 3. हामी गइरहेका थियौ। 4. हामी गइरहेका थियौँ। (A) 1 (B) 2	4.0	1.00

(C) 3

(D) 4

Q.Type : Objective Question

6	3650	तलका मध्ये व्यञ्जन सन्धिको उदाहरण कुन हो? 1. पृथ्वी + ईश्वर = पृथ्वीश्वर 2. तत् + लीन = तल्लीन 3. निः + भर = निर्भर 4. जन + एक = जनैक (A) 1 (B) 2 (C) 3 (D) 4	4.0	1.0(

Q.Type : Objective Question

7	3651	'दर्शकवृन्दहरू सभाबाट उठेर गइसकेको थियो।' -यस वाक्यमा कुन किसिमको व्याकरणिक दोष पाइन्छ? 1. आदर दोष 2. लिङ्ग दोष 3. वाच्य दोष 4. वचन दोष (A) 1 (B) 2 (C) 3 (D) 4	4.0	1.0(

Q.Type : Objective Question

8	3652	स्त्री मृगलाई 'मुडुली' भनिन्छ भने पुरुष मृगलाई के भनिन्छ? 1. वीर 2. जुर्रा 3. झाँक 4. बाछो (A) 1 (B) 2 (C) 3 (D) 4	4.0	1.0(

Q.Type : Objective Question

9	3653		4.0	1.0(

दुई साँधको मेल 'दोसाँध' हुँदा कुन समास भएको हुन्छ?

1. द्विगु
2. द्वन्द्व
3. तत्पुरुष
4. बहुब्रीहि

(A) 1

(B) 2

(C) 3

(D) 4

Q.Type : Objective Question

10	3654	'तेरो कुरा सुन्दा मेरो हात चिलायो।' -यस वाक्यमा प्रयुक्त 'हात चिलाउनु' वाक्यांशको अर्थ के हुन्छ? 1. विरक्त लाग्नु 2. दया जाग्नु 3. केही दिने मन हुनु 4. पिट्ने मन हुनु (A) 1 (B) 2 (C) 3 (D) 4	4.0	1.00

Q.Type : Objective Question

11	3655	'हरिबाट यो काम गरिन्छ।' -यो वाक्य कुन वाच्यको हो? 1. कर्तृवाच्य 2. कर्मवाच्य 3. भाववाच्य 4. कर्तृवाच्य र भाववाच्य दुवै (A) 1 (B) 2 (C) 3 (D) 4	4.0	1.00

Q.Type : Objective Question

12	3656	मित्रको 'मण्डली' हुन्छ भने भेडाको के हुन्छ? 1. दल 2. गोलो 3. खात 4. बगाल (A) 1 (B) 2	4.0	1.00

(C) 3

(D) 4

Q.Type : Objective Question

13	3657	कसैलाई, तिमी त 'ठिकसित काम गर्न नसक्ने' रहेछौ, भन्नु परे एउटै शब्दमा के भन्न सकिन्छ? 1. जुम्सो 2. टपर्टुय्याँ 3. टाकुचे 4. थकाली (A) 1 (B) 2 (C) 3 (D) 4	4.0	1.00

Q.Type : Objective Question

14	3658	तलको कुन शब्द शुद्ध हो? 1. परिवर्धित 2. परिवर्द्धिध 3. परिवर्द्दित 4. परिवर्द्धित (A) 1 (B) 2 (C) 3 (D) 4	4.0	1.00

Q.Type : Objective Question

15	3659	तलको कुन उखानले 'नभएको घटना बुझाउनु' भन्ने अर्थ प्रदान गर्छ? 1. औँसीको जुन आकाशमै बिलायो। 2. अँध्यारोको काम खोलाको गीत। 3. आगोले काँचो भन्दैन राजाले कङ्गाल भन्दैन। 4. ओस चाटेर प्यास मेटिन्न। (A) 1 (B) 2 (C) 3 (D) 4	4.0	1.00

Q.Type : Objective Question

16	3660		4.0	1.00

तलका पदावलीहरू सही क्रममा मिलाएर एउटा उखान पूर्ण गर्नु होस्-

A. चढ्दैन
B. हाँडी
C. काठको
D. पटक
E. अर्को

विकल्पहरूबाट सही उत्तरको चयन गर्नु होस्-

1. E, B, D, C, A
2. C, B, E, D, A
3. C, D, E, A, B
4. E, A, D, C, B

(A) 1

(B) 2

(C) 3

(D) 4

Q.Type : Objective Question

17	3661	तलका एकाईहरूलाई सानोदेखि ठुलोको क्रममा मिलाएर चिन्नु होस्- A. वाक्य B. अनुच्छेद C. शब्द D. अध्याय E. खण्ड विकल्पहरूबाट सही उत्तरको चयन गर्नु होस्- 1. A, C, E, B, D 2. C, B, E, A, D 3. A, C, B, D, E 4. C, A, B, E, D (A) 1 (B) 2 (C) 3 (D) 4	4.0	1.00

Q.Type : Objective Question

18	3662	तलका कुन कुन शब्द तत्सम हुन्? A. सभा B. आभा C. प्रभा D. कठिन E. आमा तल दिइएका विकल्पहरूबाट सही उत्तर छान्नु होस्- 1. A, B र C मात्र 2. B, C र D मात्र 3. C, D र E मात्र 4. A, C र D मात्र (A) 1	4.0	1.00

(B) 2

(C) 3

(D) 4

Q.Type : Objective Question

19 | 3663 | 4.0 | 1.00

तलका कुन कुन वाक्य व्याकरणिक दृष्टिले शुद्ध छन्?

A. साँझ पर्न लागेको थियो।
B. उहाँ पँधेरोतिर गएका थिए।
C. पँधेरामा सानी उभिरहेकी थिई।
D. सानीकी आमा पनि छेउमा उभिरहनु भएकी थिइन्।
E. बुढालाई देखेर सानी र आमा दुवै रुन लागे।

विकल्पहरूबाट सही उत्तरको चयन गर्नु होस्-

1. A, B र D मात्र
2. A, C र E मात्र
3. B, D र E मात्र
4. B, C र E मात्र

(A) 1

(B) 2

(C) 3

(D) 4

Q.Type : Objective Question

20 | 3664 | 4.0 | 1.00

तलका कुन कुन शब्दलाई विशेषणको वर्गमा राख्न सकिन्छ?

A. धैर्य
B. महान्
C. डडेलो
D. साहसी
E. लजालु

विकल्पहरूबाट सही उत्तरको चयन गर्नु होस्-

1. A, B र D मात्र
2. A, C र E मात्र
3. B, D र E मात्र
4. B, C र E मात्र

(A) 1

(B) 2

(C) 3

(D) 4

Q.Type : Objective Question

21 | 3665 | 4.0 | 1.00

सूची १ मा भएका शब्दहरू सूची २ मा भएका कुन कुन वर्गमा पर्दछन्. चिन्नु होस्-

सूची १		सूची २	
A.	जस्तै	I.	विशेषण
B.	प्रतापी	II.	क्रियाविशेषण
C.	माधुर्य	III.	नामयोगी
D.	बिस्तारै	IV.	संज्ञा

विकल्पबाट सही उत्तरको चयन गर्नु होस्-

1. A-III, B-IV, C-I, D-II
2. A-II, B-I, C-IV, D-III
3. A-III, B-I, C-IV, D-II
4. A-II, B-IV, C-I, D-III

(A) 1

(B) 2

(C) 3

(D) 4

Q.Type : Objective Question

22	3666		4.0	1.00

सूची १ मा भएका सारशब्द र सूची २ मा भएका तिनका अर्थ बुझेर जोडा मिलाउनु होस्-

सूची १		सूची २	
A.	अगोचर	I.	आधा फाटेको आधा सद्दे
B.	अङ्गज	II.	नबढेको र नसप्रेको
C.	अर्धानो	III.	जसलाई इन्द्रियहरूको अनुभव छैन
D.	जिरिखिम्टे	IV.	शरीरबाट उत्पन्न भएको

विकल्पबाट सही उत्तरको चयन गर्नु होस्-

1. A-II, B-IV, C-I, D-III
2. A-III, B-IV, C-I, D-II
3. A-II, B-I, C-IV, D-III
4. A-III, B-I, C-IV, D-II

(A) 1

(B) 2

(C) 3

(D) 4

Q.Type : Objective Question

23	3667		4.0	1.00

सूची १ मा भएका शब्द र सूची २ मा भएका तिनका पर्यायवाची बुझेर जोडा मिलाउनु होस्-

सूची १		**सूची २**	
A.	पूजा	I.	विहग
B.	गृह	II.	सलिल
C.	जल	III.	अर्चना
D.	पक्षी	IV.	आगार

विकल्पबाट सही उत्तरको चयन गर्नु होस्-

1. A-III, B-I, C-IV, D-II
2. A-II, B-I, C-IV, D-III
3. A-II, B-IV, C-I, D-III
4. A-III, B-IV, C-II, D-I

(A) 1

(B) 2

(C) 3

(D) 4